

**के तपाईको घर पा( नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्कः प्रगति ट्रेड कर्न्सन**

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

**सम्पर्कः**

**०६१-५७०६५१, ९८५६०७५५७५**



❑ वर्ष २४ ❑ अङ्क १९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १३ गते शनिबार ❑ 29 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## इटाली भ्रमणलाई मैले सफल भ्रमणका रूपमा लिएको छु : प्रधानमन्त्री दाहाल

**रासस**

गण्डकी, १२ साउन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो इटाली भ्रमण सफल भएको बताउनुभएको छ । इटाली भ्रमणबाट स्वदेश फर्केपछि त्रिभुवन अन्तर ीष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले नेपालको सक्रिय सहभागिता र सम्मेलनको दौरानमा भएका महत्वपूर्ण भेटघाटले भ्रमण सफल भएको छ ।

"भ्रमणबाट अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि एक स्वतन्त्र, सार्वभौम, संयुक्त राष्ट्रसङ्घ र समग्र बहुपक्षीयताप्रति प्रतिबद्ध मुलुकका रूपमा अझ बढी मुखरित हुन पुगेको विश्वास लिएको छु", उहाँले भन्नुभयो । सम्मेलनका क्रममा आफू अत्यन्त व्यस्त रहेको जानकारी दिँदै उहाँले इटालीको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा गरेको विकासको अवलोकन गरेको बताउनुभयो । प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घ, इटाली सरकार र रोमस्थित खाद्य तथा कृषि सङ्गठन, विश्व खाद्य कार्यक्रम र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषद्वारा इटालीको रोममा आयोजित 'संयुक्त राष्ट्रसङ्घ फुड सिस्टम समिट प्लस २ स्टकिङ मोमेन्ट' मा नेपालको प्रतिनिधित्व गर्नुभएको थियो । सम्मेलनमा नेपालको सहभागिता र सम्मेलनको अवसरमा भएका द्विपक्षीय भेटघाटका क्रममा महत्वपूर्ण छलफल भएको उहाँले जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले सम्मेलनको उद्घाटन समारोहमा नेपालको सरकार प्रमुख



तथा अतिकम विकसित राष्ट्रको अध्यक्षका हैसियतमा सम्बोधन गर्नुभएको थियो ।

उहाँले सम्मेलनको अत्यन्त महत्वपूर्ण सत्रका रूपमा लिइएको 'खाद्य प्रणालीमा रुपान्तरणको अभ्यास, सफलता र आगामी बाटो' मा नेपालका प्रतिनिधित्व गर्दै मुख्य वक्ताका रूपमा सम्बोधन गरेको बताउनुभयो । "सम्मेलनका क्रममा 'विद्यालय खाजा कार्यक्रमसम्बन्धी सत्र'लाई पनि सरकार प्रमुखको हैसियतमा मैले सम्बोधन गरेँ", उहाँले भन्नुभयो । सम्मेलनको मुख्य सत्रलाई सम्बोधनका क्रममा आफूले खाद्य सुरक्षा, पर्याप्त, सुरक्षित र स्वस्थ्यकर खाद्यमा सहज पहुँच, दिगो कृषि विकास, गरिबी निवारण, भोकमरीको अन्त्यलगायत 'एजेन्डा-२०३०'ले निर्देश गरेका उद्देश्य प्राप्त गर्नमा अतिकम विकसित राष्ट्रहरूले भोग्नु परेका समस्याका बारेमा अन्तर्राष्ट्रिय समुदायसमक्ष राखेको प्रधानमन्त्रीले दाहालको भनाइ छ । "अतिकम विकसित मुलुकका करोडौँको सङ्ख्यामा रहेका जोखिममा परेका नागरिकलाई आशाको दियो सञ्चार गर्नका लागि अन्तर्राष्ट्रिय समुदायले सामूहिक प्रतिबद्धता देखाउनुपर्ने खाँचो पनि प्रस्ट पारेको छु", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री दाहालले विश्वव्यापी रूपमा देखापरेको जलवायु परिवर्तनलाई थेग्ने दिगो र भरपर्दो उत्पादकत्व वृद्धिका लागि प्रविधि, मल, बजार, पूँजीमा सहज पहुँचको सुनिश्चितता गर्न आवश्यक रहेको विषयलाई जोडदार रूपमा राखेको बताउनुभयो । उद्घाटन सत्रलाई संयुक्त राष्ट्रसङ्घका महासचिव, इटालीका प्रधानमन्त्री तथा अन्य मुलुकका राष्ट्र प्रमुख तथा सरकार प्रमुखले समेत सम्बोधन गर्नुभएको थियो । "विद्यालय खाजासँग सम्बन्धित सत्रलाई सम्बोधन गर्दै नेपाल सरकारबाट भएका प्रयास अन्तर्राष्ट्रिय समुदायसमक्ष राखेँ", उहाँले भन्नुभयो, "दिवा खाजा कार्यक्रमसम्बन्धी नेपालको अनुभव यथार्थमा नै सफल अनुभव हो ।" नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको सहकार्यमा सञ्चालित यस कार्यक्रमबाट ३३ लाखभन्दा बढी बालबालिका लाभान्वित भएका छन् । उक्त कार्यक्रमबाट विद्यार्थीको भर्ना सङ्ख्या, हाजिरी, र उनीको सिकाइको स्तरमा उल्लेख्य परिवर्तन आएको छ । नेपालले गत पाँच वर्षमा दिवा खाजा कार्यक्रमको बजेटमा चार गुणाले वृद्धि गरेको छ । प्रधानमन्त्री दाहालले सम्मेलनका दौरान औपचारिक कार्यक्रमका अतिरिक्त महत्वपूर्ण द्विपक्षीय भेटवार्ता तथा संवाद भएको जानकारी दिनुभयो । सम्मेलनका क्रममा आफूसँग संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गटुरेसको भेट भएको र सो भेटमा संयुक्त राष्ट्रसङ्घ र नेपालबीचको सहकार्य तथा सहयोग, विश्व शान्तिमा नेपालले पुऱ्याएको योगदान, बहुपक्षीयता, जलवायु परिवर्तन, गरिबी निवारण तथा खाद्य सुरक्षालगायत विषयमा छलफल भएको प्रधानमन्त्री दाहालको भनाइ छ । सम्मेलनका क्रममा बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनासँग द्विपक्षीय भेटघाट भएको जानकारी दिँदै उहाँले भेटमा नेपाल र बङ्गलादेशबीचको मैत्रीपूर्ण सम्बन्ध, आपसी र क्षेत्रीय सहयोग, अन्तर्राष्ट्रिय मञ्चमा नेपाल र बङ्गलादेशबीचको सहकार्यलगायत विषयमा सौहार्द्रपूर्ण छलफल भएको जानकारी दिनुभयो ।

"बङ्गलादेश सरकार नेपालमा उत्पादित जलविद्युत् खरिद गर्न इच्छुक छ, आर्थिक अन्तरनिर्भरताको यो अत्यन्त महत्वपूर्ण आयाम अब कार्यान्वयनको चरणमा रहेको छ", उहाँले भन्नुभयो । प्रधानमन्त्रीको हालै सम्पन्न भारत भ्रमणका क्रममा नेपालले भारतीय भूमि भएर नेपालको जलविद्युत् बङ्गलादेशमा निर्यात गर्ने सहमति भएको थियो । "त्यसलाई यथाशीघ्र औपचारिकता दिई जलविद्युत् निर्यातको ढोका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा महानगरमा मलको मूल्य निर्धारण

**पोखरापत्र संवाददाता**

पोखरा, १२ साउन



पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०८०/८१ का लागि मलको मूल्य तथा बिक्री परिमाणको कोटा निर्धारण गरेको छ । पोखरा महानगरपालिका मल वितरण ब्यवस्थापन समितिको शुक्रबार बसेको बैठकले नेपाल सरकारले अनुदानमा उपलब्ध गराउने मलको मुल्य निर्धारण गरेको हो ।

महानगरका उपप्रमुख एवं मल वितरण ब्यवस्थापन समितिका संयोजक मञ्जुदेवी गुरुङको अध्यक्षतामा बसेको बैठकले युरिया, डीएपी र पोटासको मुल्य निर्धारण गरेको महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । उक्त बैठकमा पोखरा महानगरका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती, कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, कृषि सामग्री कम्पनी लिमिटेडका प्रमुख ठाकुरप्रसाद बास्तोला र साल्ट ट्रेडिंग कर्पोरेशन लिमिटेड पोखराकाप्रमुखबासुदेव उपाध्याय, महानगर सहकारी शाखा प्रमुख भरतराज पौडेल, महानगर सहकारी समितिका संयोजक रविरमण तिवारी, उपभोक्ता सहकारी संघका अध्यक्ष कृष्णप्रसाद बरालको उपस्थितिमा बैठकले निर्णय गरेको हो ।

मल डिपोदेखि बिक्री केन्द्रको दुरीका आधारमा प्रतिकेजी रु १९ रुपैयाँ ४५ पैशादेखि २१ रुपैयाँ ५ पैशासम्म निर्धारण गरिएको छ । त्यस्तै डीएपीको ४८ रुपैयाँ ४५ पैशादेखि ५० रुपैयाँ ५ पैशा र पोटासको मुल्य ३६ रुपैयाँ ४५ पैशादेखि ३८ रुपैयाँ ५ पैशासम्म तोएिको छ । मल विक्रेताले प्लाष्टिक झोलाको मुल्य प्रति किलो थप लिन सक्ने छन् ।

बैठकले पोखरा महानगर कृषि शाखामा सुचिकृत तथा बिक्री वितरण गर्नको लागि छनौट भएका २६ वटा वडाका ६७ केन्द्रबाट मल बिक्री वितरण भैरहेकोछ । मल बिक्री वितरणका लागि आर्थिक वर्ष २०७९/८० मा बिक्री भएको आधारमा कोटा निर्धारण गर्ने निर्णय भएको मनहर कडरियाले जानकारी दिए । सुचिकृत बिक्रेकतालाई मलको कोटा निर्धारण गरिएको र किसानलाई तोकिएकै मुल्यमा सहज रुपमा मल उपलब्ध गराउन अनुगमन गर्ने गरिएको र यस वर्षपनि त्यसलाई निरन्तरता दिइने महानगरले जनाएको छ ।

पोखरा महानगरमा गत आर्थिक वर्षमा युरिया, डीएपीर पोटास गरेर १९७७ .६५ टन मल खपत भएको छ । गत आर्थिक वर्षमा पोखरा महानगरमा युरिया १२२१.७५ टन, डीएपी ६६३.८५ टन, पोटास ३९.९५ टन र कृषि चुन २.१ टन खपत भएको उनले जानकारी दिए ।

## कोशी प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान

**रासस**

काठमाडौं, १२ साउन

कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले सरकार गठनका लागि चार दिनभित्र दाबी पेश गर्न आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुख खापुङले दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्नेलाई मुख्यमन्त्रीमा नियुक्ति गर्नका लागि दाबी पेश गर्न आह्वान गर्नुभएको हो । प्रदेश प्रमुख खापुङले यसका लागि यही साउन १६ गते मङ्गलबार अपराह्न ५ बजेसम्मको समय तोक्नुभएको छ । गत असार २१ मा भएको कोशी प्रदेश सरकारको मुख्यमन्त्री नियुक्ति तथा सरकार गठनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको थियो । रिटमाथिको सुनुवाई गर्दै सर्वोच्च अदालतले साउन ११ को पूर्ण इजलाशबाट जनु विन्दुबाट संविधानको प्रयोग र पालनमा त्रुटि भएको हो सोही अवस्थाबाट संविधानसम्मत् तवरले सरकार गठनको प्रक्रिया अगाडि बढाउन आदेश दिएको थियो । "विसं २०८० साउन १७ गतेभित्र नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभाको बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नु भन्ने परमादेश जारी भएकाले सोही आधारमा प्रदेश प्रमुखले आह्वान गरिएको हो', जारी विज्ञप्तिमा भनिएको छ ।

## कांग्रेस बलियो भए प्रजातन्त्र बलियो बन्छ : सभापति देउवा

**रासस**

काठमाडौं, १२ साउन

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेस बलियो भए प्रजातन्त्र बलियो हुने बताउनुभएको छ ।

शुक्रबार प्रजातान्त्रिक विचार समाजका नवनिर्वाचित पादधिकारीसँगको भेटमा सभापति देउवाले भन्नुभयो, "कांग्रेस बलियो भएमा मात्र देशमा प्रजातन्त्र बलियो हुन्छ, त्यसैले विभिन्न पेशा, व्यवसाय तथा सबै क्षेत्रमा लागेका प्रजातान्त्रिक विचार राख्नेहरूले कांग्रेस बलियो बनाउनतर्फ



लाग्नुपर्छ ।" उहाँले कांग्रेस र प्रजातन्त्रलाई बलियो बनाउनका लागि समाजबाट आएका सुझाव ग्रहण गर्दै सबै सुझाव कार्यान्वयन गर्ने बताउनुभयो । प्रजातन्त्रलाई बलियो बनाउनेबारे समाजसँग बसेर पार्टीले विचार विमर्श गर्ने उहाँको भनाइ छ । सोही अवसरमा सभापति देउवाले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी एवम् सदस्यलाई सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभयो ।

भेटमा समाजले मुलुक विकासका लागि नेपाली कांग्रेस र प्रजातन्त्र बलियो बनाउन आवश्यक रहेको सुझाव दिएको थियो । समाजका नवनिर्वाचित अध्यक्ष कुलचन्द्र वाग्ले भन्नुभयो, "मुलुकको विकास र प्रजातन्त्रलाई बलियो बनाउनका लागि प्रजातान्त्रिक विचार समाजले दिएको सुझाव ग्रहण गरेर कांग्रेस अगाडि बढोस् भन्ने हाम्रो चाहना छ ।" अध्यक्ष वाग्लेले प्रजातन्त्रमाथि आजपनि विभिन्न क्षेत्रबाट प्रहार हुन खोजेको भन्दै त्यसलाई बलियो बनाउनका लागि समाजले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको समेत स्पष्ट पार्नुभयो ।

भेटमा समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसी, वरिष्ठ उपाध्यक्ष गोकर्ण अर्याल, महासचिव डा वासुदेव भण्डारी, कोषाध्यक्ष पुष्पमान श्रेष्ठलगायत पदाधिकारी एवम् सदस्यको सहभागिता थियो ।

## चालकसहित कालीगण्डकीमा गाडी बेपत्ता

**पोखरापत्र संवाददाता**

बेनी, १२ साउन

बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ भीरकाटेबाट चालकसहित गाडी बेपत्ता भएको छ ।

अन्नपूर्ण-३ दानाबाट बेनीतर्फ आउँदै गरेको बेनीको सुमन किराना स्टोर्सको ग२च १०३१ नम्बरको बोलेरो जीप कालीगण्डकीमा बेपत्ता भएको हो । सो गाडीसँगै म्याग्दीको मालिका गाउँपालिका-५ देवीस्थान घर भएका चालक कमलेश परियार बेपत्ता भएको म्याग्दीका प्रहरी नायब उपरीक्षक मदन कुँवरले बताउनुभयो । "भीरकाटेको कालीगण्डकी किनारमा जीपको सिसा भेटिएको छ", उहाँले भन्नुभयो, "जीप र चालकको अवस्था अज्ञात छ ।"

प्रहरी, स्थानीयवासी र व्यवसायीको टोली गाडी र चालकको खोजीमा जुटेका छन् । सुमन किराना स्टोर्सका सञ्चालक सुमन श्रेष्ठका अनुसार दानामा सामान पुऱ्याएर फर्कँदै गरेको जीपका चालकसँग शुक्रबार दिउँसो ३ बजेसम्म सम्पर्क भएको थियो । तीन बजेपछि सम्पर्क नभएको उहाँले बताउनुभयो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# मुस्ताङ र मनाङमा 'लम्पी स्किन' नियन्त्रण

**रासस**
गण्डकी, ११ साउन

गाईभैंसीमा फैलिएको 'लम्पी स्किन' को सङ्क्रमण मनाङ र मुस्ताङमा नियन्त्रणमा आएको छ । प्रदेशका बाँकी नौ जिल्लामा पनि रोगको सङ्क्रमण दर घट्दै गएको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ ।

"मुस्ताङ र मनाङमा लम्पी स्किनको सङ्क्रमण केही रोकिएको छ, अरु जिल्लामा सङ्क्रमण दर कम हुँदै गए पनि फाट्टफुट्ट रूपमा देखिएको छ", मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा ग्रिष्म न्यौपानेले भन्नुभयो, "गाईभैंसीमा औषधोपचार र खोप अभियान चलिरहेको छ ।" उहाँका अनुसार प्रदेशका ८५ स्थानीय तहमध्ये ८२ मा लम्पी स्किनको सङ्क्रमण देखिएको छ । मुस्ताङको लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड र मनाङको मार्फाभूमि गाउँपालिकामा अहिलेसम्म उक्त रोगको सङ्क्रमण नदेखिएको महाशाखा प्रमुख डा न्यौपानेले जानकारी दिनुभयो ।

विसं २०७७ मा पहिलोपटक कास्की, तनहुँ र नवलपुरमा देखिएकामा हालसम्म प्रदेशका ५८ हजार नौ सय ८२ गाईभैंसी सङ्क्रमित भएका मन्त्रालयले जनाएको छ । "सङ्क्रमितमध्ये दुई हजार दुई सय ८४ गाईभैंसीको मृत्यु भएको छ भने २७ हजार एक सय १८ गाईभैंसी निको भएका छन्", उहाँले भन्नुभयो, "बाँकी सङ्क्रमित गाईभैंसीको अहिले पनि उपचार भइरहेको छ ।"

गण्डकीमा कूल आठ लाख ५४ हजार नौ सय २५ गाईभैंसी रहेकामा हालसम्म एक लाख तीन हजार दुई सय ३० गाईभैंसीलाई 'लम्पी स्किन' विरुद्धको खोप लगाइएको महाशाखा प्रमुख डा न्यौपानले जानकारी दिनुभयो । "जिल्लास्थित भटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमार्फत खोप अभियान सञ्चालन भइरहेको छ । सङ्क्रमित पुश भेटिए तुरुन्त औषधोपचार गरिरहेका छौँ", उहाँले भन्नुभयो, "सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि जनस्तरमा सचेतना अभिवृद्धिका कार्यक्रम पनि सञ्चालन भइरहेका छन् ।"

भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र मनाङका प्रमुख नारायण कुसुमले जिल्लामा रोगको सङ्क्रण भित्रिएपनि फैलन नपाएको बताउनुभयो । "ज्यादै कम सङ्ख्यामा रोगको सङ्क्रमण देखिएको थियो, अहिले नियन्त्रणमा आएको छ", उहाँले भन्नुभयो, "खोप अभियानलाई तीव्र बनाएका छौँ, पशु प्राविधिक गाउँगाउँ खटिनुभएको छ ।"

हिमाली जिल्लामा गाईभैंसीपालन कम हुने भएकाले पनि रोग नियन्त्रण गर्न सहज भएको केन्द्रका प्रमुख कुसुमको भनाइ थियो । चरिचरनमा लैजादा, एउटै पोखरीको पानी खुवाउँदा, साझा सुईंको प्रयोगलगायत कारणले 'लम्पी स्किन' गाईभैंसीमा सर्ने गरेको उहाँले बताउनुभयो । सङ्क्रमित गाईभैंसीको ओसारपसार नै यो रोग फैलिनुको मुख्य कारण रहेको पशु चिकित्सक बताउँछन् । उक्त रोगको औषधि पत्ता नलागेकाले खोप नै बढी प्रभावभारी हुने महाशाखा प्रमुख डा न्यौपानले बताउनुभयो । उहाँका अनुसार लामखुट्टे, किर्नाजस्ता टोक्ने किराबाट 'लम्पी स्किन' गाईभैंसीमा सर्ने गरेको छ । भाइरसको प्रकृतिअनुसार १० देखि १५ दिनमा रोग निको हुने उहाँले जानकारी दिनुभयो ।

'लम्पी स्किन' रोग लाग्दा गाईभैंसीमा उच्च ज्वरो आउने, तौल घट्ने, छालामा गाँठागुँठी आउनेजस्ता लक्षण देखिने गरेको छ । सयममै सङ्क्रमण नियन्त्रण गर्न नसके ठूलो पशुधनको क्षति व्यहोर्नुपर्ने अनुमान नेपाल पशु चिकित्सा परिषद्ले गरेको छ ।



आरतीमा रमाउँदैः फेवाताल किनारास्थित बाराही घाटमा शुक्रबार आयोजित सन्ध्याकालीन आरतीमा रमाउँदै आन्तरिक एवं बाह्य पर्यटक । तस्बिर हरिप्रसाद बास्तोला / रासस

# अतिविशिष्ट र विशिष्ट व्यक्तिहरु उपचार गर्न गएमा सरकारले खर्च दिँदैन : मन्त्री बस्नेत

**रासस**
काठमाडौं, १२ साउन

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनकुमार बस्नेतले वीर अस्पतालमा सेवा हुँदा हुँदै अतिविशिष्ट (भिभिआइपी) र विशिष्ट (भिआइपी) व्यक्तिहरु विदेशमा उपचार गर्न गएमा सरकारले खर्च नदिने बताउनुभएको छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) को एक सय ३४औँ वार्षिकोत्सवका अवसरमा मन्त्री बस्नेतले इतिहास बोकेको सो अस्पतालमा भिआइपी र भिभिआइपी क्याबिन विस्तार गरिएको १५ जना चिकित्सकको टोली परिचालन गरिएकाले अतिविशिष्ट र विशिष्टदेखि आम सर्वसाधारणलाई स्वास्थ्य सेवा दिन सक्षम छ भन्ने सन्देश विश्वलाई दिनुपर्ने बताउनुभयो । उहाँले यस कार्यमा कुनै कमजोरी नगर्न अस्पतालको व्यवस्थापनलाई आग्रह गर्दै मन्त्रालयले आवश्यक सहजीकरण गर्ने विश्वास दिलाउनुभयो । कस्तुरीले आफ्नो बास्ना थाहा नपाए झैँ वीर अस्पतालले आफ्नो सेवाको गुणस्तर र क्षमताबारे आफैँले थाहा नपाएजस्तो हुन नहुनेमा जोड दिँदै उहाँले आफूले मन्त्रालयले नेतृत्व लिएपछि राष्ट्रिय योजना आयोगले घटाएर ल्याएको बजेटको सिलिङमा करिव १० अर्ब थपेको सुनाउनुभयो । समाज सेवामा नाफा लिने नियत गलत राख्न नहुने उल्लेख गर्दै उहाँले दस प्रतिशत गरिब, विपन्न, बेवारिसे तथा असाहाय केन्द्रीय अस्पतालमा तीन हजार पाँच सय २३ शयया निःशुल्क र सरकारी अस्पतालमा विद्युतीय टिकट अनिवार्य गराइएकाले बिरामीलाई सेवा दिने सवालमा कुनै सम्झौता नगर्न पनि निर्देशन दिनुभयो । मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रका दक्ष जनशक्तिलाई स्वदेशमै काम गर्न सक्ने सहज वातावरण निर्माण गर्ने जनाउनुभयो । "कुनै बेला यही वीर अस्पतालले दस महिनासम्म कर्मचारीलाई तलव खुवाउन नसक्ने अवस्था खेपेको थियो ।" उहाँले भन्नुभयो, "अहिले उत्साहजनकरुपमा सेवा सुविधा र व्यवस्थापनसमेतमा सुधार आएको छ । म यसमा तपाईँहरुलाई धन्यवाद दिन चाहान्छु । अझै सेवाको स्तर बढाउने काममा दत्तचित्त भएर लाग्नुस् । सुशासन कायम गर्नुस् । तपाईँहरुको सेवा सुविधा अपुग भएमा सरकारले प्रबन्ध गर्नेछ । म मन्त्रीको हैसियतले अशल अभिभावको भूमिका खेल्नेछु ।" कार्यक्रममा मन्त्री बस्नेतले उत्कृष्ट कार्यसम्पादन गर्ने चिकित्सक, कर्मचारी र स्वास्थ्यकर्मीलाई विभिन्न पुरस्कारबाट सम्मान प्रदान गर्नुभएको थियो । हाल वीर अस्पतालका सात शयया विपन्नका लागि निःशुल्क गरिएको छ । ओपिडी सेवा बिहान ०८ बजेदेखि सञ्चालन गरिएको छ ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी सचिव देवकुमारी गुरागाईले वीर अस्पताल देशको स्वास्थ्य क्षेत्रको बिम्ब भएकाले यसको विकासमा मन्त्रालयले हरदम सहयोग गर्ने जनाउनुभयो । चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान (न्याम्स) का उपकुलपति प्राडा भुपेन्द्र बस्नेतले न्याम्सले दक्ष जनशक्ति उत्पादनलाई महत्त्वका साथ अगाडि बढाइरहेको बताउँदै निकट भविष्यमै आईसियुको संख्या बढाएर सञ्चालन गरिने जनाउनुभयो । वीर अस्पतालका निर्देशक डा सन्तोष पौडेलले १५ शययाबाट सुरुभएको अस्पतालमा अहिले नौ सय ६६ शयया सञ्चालन हुन थाले पनि सोअनुसार बजेट बृदि हुन नसकेको बताउनुभयो । चालु आर्थिक वर्षमा अस्पतालका लागि रु ७३ करोड मात्र बजेट विनियोजन छ ।

# इटाली...

खोल्ने हाम्रो प्रयासले सार्थकता पाउँदै छ", प्रधानमन्त्री दाहाले भन्नुभयो, "बङ्गलादेशका प्रधानमन्त्रीसँग यस विषयमा अत्यन्त महत्वपूर्ण कुराकानी भएको छ ।" उहाँले भ्रमणका क्रममा गैरआवासीय नेपाली सङ्घ, इटालीले आयोजना गरेको कार्यक्रममा नेपाली समुदायसँग विभिन्न विषयमा छलफल गरेको जानकारी दिनुभयो । सातदिने भ्रमण सम्पन्न गरी प्रधानमन्त्री दाहाल आज स्वदेश फर्कनुभएको हो । उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, मन्त्रीगण, उच्च सरकारी अधिकारीलगायतले स्वागत गर्नुभयो । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल यही साउन ६ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । प्रधानमन्त्री दाहाल नेतृत्वको भ्रमण दलमा उहाँका स्वकीय सचिव एवं छोरी गङ्गा दाहाल, कृषि तथा पशुपन्छी विकासमन्त्री डा बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउत, सुरक्षाकर्मी एवं सञ्चारकर्मीलगायत सहभागी हुनुहुन्थ्यो ।


# नन्द कुमारी गुरुङको कविता संग्रह 'मनका तरंगहरु'

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

नन्दकुमारी गुरुङ 'हिमपुत्री' को कविता सङ्ग्रह मनका तरङ्गहरु सार्वजनिक गर्नुभएको छ ।

देशको समसामयिक परिस्थितिलाई मध्यनजर गर्दै कविता मार्फत सचेतना प्रदान गर्ने उद्देश्यले उक्त कविता सङ्ग्रह प्रकाशित गर्नुभएको हो ।

कास्कीको घाचोक निवासी गुरुङ सामाजिक क्षेत्रमा संलग्न हुनुहुन्छ । ग्रामीण परिवेशलाई पनि समेट्नु भएको उहाँको कविता सङ्ग्रह अझै रोचक बनेको उहाँको भनाई छ । समाजसेवी गुरुङले गाउँको खानेपानी, विद्यालय, स्वास्थ्यचौकी, बाटोघाटो लगायतका समस्याहरु समाधान गर्न सक्रिय भूमिका निर्वाह गर्दै गाउँको विकासमा योगदन पुऱ्याउँदै आउनु भएको छ ।




यस कविता संग्रहमा उहाँले जीवनमा भोगेका विषयहरुलाई छोटो कविता मार्फत उतार्ने प्रयास गर्नुभएको छ । यस संग्रहमा उहाँका ४२ वटा कविता रहेका छन् । ३० भन्दा बढी विभिन्न सामाजिक संघसंस्थाहरुमा विभिन्न पदमा रहेर सामाजिक सेवा पुऱ्याउनु भएकी गुरुङ हङकङ, युके, सिंगापुर, भारत, चीन, कोरिया लगायतका १४ भन्दा बढी देशहरुको भ्रमण गरिसक्नु भएको छ ।

# प्रलोभनमा परेर थाइल्याण्ड र म्यानमार नजान परराष्ट्र मन्त्रालयको आग्रह

**रासस**
काठमाडौं, १२ साउन

परराष्ट्र मन्त्रालयले झुटा आश्वासन र प्रलोभनमा परेर वैदेशिक रोजगारीका लागि थाइल्याण्ड र म्यानमार नजान आग्रह गरेको छ ।

मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी पछिल्लो समय थाइल्याण्ड र म्यानमारमा सूचना प्रविधि (आईटी) क्षेत्रमा आकर्षक रोजगारी र सुविधाको प्रलोभन देखाएर नेपालीलाई म्यानमारको कायिन प्रान्तको म्यावडी लगेर बन्धक बनाई अवैध काम गर्न बाध्य बनाइएको भन्दै सचेत रहन आग्रह गरेको हो । मन्त्रालयले वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा लगेर अलपत्र पार्ने एवं नेपाल सरकारको प्रचलित कानूनअनुरूप निषेध गरिएका कार्यमा संलग्न गराउने कार्य कानूनबमोजिम दण्डनीय भएकाले यस्ता गैरकानूनी काम नगर्न र यसतर्फ सचेत रहन सबैमा अनुरोधसमेत गरेको छ । यस्तै, विभिन्न प्रलोभनमा परी जाने नेपालीलाई गैरकानूनी रूपमा थाइल्याण्डबाट स्थलमार्ग हुँदै म्यानमारको सो क्षेत्रमा लैजान र रोजगारदाताले नेपाली राहदानीसमेत जफत गरी दैनिक १२ घण्टासम्म अनलाइन ठगीलगायत गैरकानूनी काममा लगाउने गरेको बुझिन आएको मन्त्रालयले बताएको छ ।

विदेशमा रोजगारी गर्न जाँदा पर्यटक/भिजिट भिसामा नगई प्रचलित नेपाल कानूनबमोजिम श्रम स्वीकृति लिएरमात्र विदेश जान सरकारले अनुरोध गरेको छ । यसरी रोजगारीका लागि विदेश जानुअघि नेपाल सरकारका सम्बन्धित कार्यालय तथा विदेशस्थित नेपाली नियोगसँग सम्पर्क गरी रोजगारदाता कम्पनी र रोजगारीको बारेमा बुझ्न सबैमा मन्त्रालयले अनुरोध गरेको छ ।

मन्त्रालयले नक्कली रोजगारीका विज्ञापन प्रायः सामाजिक सञ्जालमा आउने गरेका देखिएकाले यस्ता झुटा आश्वासनमा नपर्न समेत सचेत गराएको छ । म्यानमारमा पुगेर बन्धक बनाइएका तथा अलपत्र परेका नेपालीले आफ्नो उद्धारका लागि नेपालस्थित आफन्तजन र नेपाली राजदूतावास बैंकक तथा याङ्गुनमा सम्पर्क गर्ने गरेको पाइएको छ । नेपाली दूतावासले स्थानीय सरकारसँग समन्वय गरी केही संख्या नेपालीको उद्धार गरिसकेको र थप नेपालीको उद्धार गर्ने प्रयास भइरहेको बताएको छ । म्यानमार द्वन्द्वग्रस्त क्षेत्र भएकाले उद्धारमा चुनौती हुने गरेको मन्त्रालयले जनाएको छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# ज्ञानको विद्रुपीकरण

**मित्रलाल पंज्ञानी**

दिमाग सूचना थुपार्ने कन्टेनर भएको छ। मान्छेले त्यो सूचनालाई पचाएर ज्ञानमा बदल्न सकेको छैन । त्यही सूचनालाई ज्ञान भनिएको छ। भरेर मात्रै होइन, चुल्याएर, फोहोरको कन्टेनर बोकेको ट्रकले बाटबाटै फोहर खसाल्दै हिँडेझैँ विद्वान्ले ठाउँ कुठाउँ सूचना खसाल्दै हिँडेको छ । वाणीसंयम गुमाएको छ। केही स्वाद आउँदैन उसलाई सुनेर ।

जिद्दी भने जब्बर छ। विज्ञानसम्मत तर्कहरू छैनन् । लिँडे ढिपी छ। अरूलाई सुन्ने धैर्य मृतप्रायः छ। आर्जित ज्ञानानुभवका आधारमा कार्यकारण सम्बन्धलाई जोडेर स्वविवेकले संसार हेर्नु पर्नेमा हत्तपत्त घोकेको तर्क अघि सार्छ– 'फलानाले यसो भन्नु हुन्छ।' उचित समयमा फलानाको सन्दर्भ आउनु सार्थक हुन्थ्यो। उसका मुखबाट बेलाकुबेला बाढीझैँ आइरहने फलानो वाक्क लाग्दो भएको छ। जसजसले भनेको विषय भए पनि स्वयम्ले पचाएर आत्मसात गरिएको तथ्य भन्नलाई उद्धरण दिनु पर्दैनथ्यो ।

मैले आफ्नो भनेर दिएको विचार पनि सबै आफ्नो होइन, अनेक फलानाहरूका विचारको योग हो। आमाका गर्भदेखि सुन्दै आएका र पृथ्वीमा उत्रेपछि पाएका अनेक सङ्गत, श्रवण, अध्ययन र अनुभवका प्रतिफल हुन्। तिमीमा, ममा अथवा उसमा जुन योग घटित भएको छ त्यो अपूर्व र अनागत छ। त्यसैको परिपाकबाट निष्कर्ष निस्केको भए त्यो अभिव्यक्तिमा नवीनता प्रतीत हुन्थ्यो। नवीनताले जिज्ञासा पनि जगाउँथ्यो र तृप्ति पनि दिन्थ्यो।

खाएको चिज पचाउनका निमित्त केही घण्टा नखानु पर्छ। सेकेन्ड नबिराई खाएको खाऐ गर्ने हो भने त्यो पच्दैन। खाएको पचाउनु भनेको खाएको चिजलाई उर्जामा बदल्नु हो। जुन उर्जाले जीवनलाई गति र मति दिन्छ। पढेर प्राप्त गरेका सूचनालाई पचाउनका निमित्त मननलाई मौका दिनुपर्छ। चिन्तनविनाको अध्ययनले विश्राम लिनु पर्छ। तर आज मान्छेले विश्राम लिएकै छैन। खोई के नपाएर हो ? विद्वान विचलित छ। राम्ररी निदाउन पनि सकिरहेको छैन। निदाइहाल्यो भने पनि दुस्वप्नले छोपिहाल्छ र झस्केर बिउँझन्छ। ज्ञानलाई विवेकरूपी उर्जामा रूपान्तरण गर्नका निमित्त ध्यान चाहिन्थ्यो। यहाँ त विक्षिप्तता व्याप्त हुन गएको छ। ज्ञान अपच भएको छ।

ज्ञान अपच भएपछि मान्छे बतुराउँछ। बोलेको बोल्यै गर्छ। के बोलेँ र कहाँ बोलेँ भन्ने होस पनि पाउँदैन। सार्वजनिक ठाउँमा बेहोसीमा हात कता कता लगेर लुतोझैँ कन्याइरहेछ– तैँ के जान्ने म पो जान्ने। दम्भ भने जहाँको तहीँ छ।

माओका उद्धरण मलाई कण्ठै छन्– 'एकताबद्ध होऊ, नफुट। क्रान्तिकारी होऊ संशोधनवादी होइन। खुलस्त बन छलकपट नगर।' तर मलाई फुटमा आनन्द आउँछ। क्रान्तिकारिता र संशोधनवाद बीचको अन्तर नै बुझ्दिन। अलिअलि कपट नगरी स्वादै आउँदैन। सांस्कृतिक रूपान्तरणका सयौँ प्रशिक्षण लिइसकेपछि पनि म जस्ताको तस्तै छु। आफैले पनि यस विषयका पचासौँ पुस्तक पढिसकेँ। अनेक मञ्चमा अतिथिका आसनमा चढिसकेँ। म किन बदलिइन हुँ ? ए प्रशिक्षकहरू थाहा छ तपाईँलाई ? सांस्कृतिक रूपान्तरणको पाठ पढाएर निस्केको अगुवा मूल बाटोमा ह.रहेको भेटिन्छ।

क्रान्ति आउला र पेटभरि खाऊँला भनेको ! कता गयो कता। नेतृत्व सुम्पेका नायक छलको शरीरलाई सिद्धान्तको वस्त्र लगाइदिएर भाषणमा उत्रेका छन्। आफ्नो यहाँ आन्द्रा बटारिई सक्यो।

यो समाज जस्तो छ म पनि करिब त्यस्तै छु। कसैका कुरा काट्न पाएपछि दिन बितेको पत्तै पाउँदिन। मेरा कुरा पनि यसै गरी काटिएका होलान् कतै।

अहिले हामी नेतालाई सरापिरहेका छौँ। ठूलो धोका खाइसकेपछि चेत पाएर छट्पटाइरहेको छ हाम्रो मानस। पहिला जे गर्दा पनि राम्रै लाग्यो। अनर्थको पनि अर्थ लगाइदियौँ। उनी विश्वसम्राटको दरबारमा गए। हामीले ठान्यौँ 'उनले त्यहाँको वस्तुस्थिति अध्ययन गर्न गए। स्क्यानिङ् गर्न गए। अर्को भीषण लडाइँ र महाविजयको तयारीका लागि सूचना सङ्कलन गर्दैछन् हाम्रा महानायक। अत्यन्त गोप्य सूचनाहरू पनि सजिलै पत्ता लगाउने अदृश्य तर निकै संवेदनशील एन्टेना छ उनको टाउकोमा अर्थात् उनी बहुत चलाख छन्। आजसम्म हरेक शासकहरूले नेपालका क्रान्तिकारीलाई धोका दिए। अब धोका खाने पालो उनीहरूको।'

कपट मान्छेहरू दुरुस्तै अभिनय गर्न पनि जान्दछन्। चन्द्र शमशेरले जुन साँझ देवशमशेरलाई राजिनामा दिन्छस् कि मारिदिऊँ भनेर पेस्तोल तेर्स्यायो त्यही दिउँसो देवशमशेरको शरीरमा लागेको अबीर पुछ्तै थियो। त्यतिबेला देवशमशेरलाई लागेको थियो कति भक्त छ मेरो भाइ। भक्त भाइले आजै साँझ यसरी बन्दूक तेर्स्याउला भन्ने कुरा त सपना र कल्पनामै पनि असम्भव जस्तै थियो। तर यो दुनियाँको दुर्भाग्य तिनै कपटहरूलाई विश्वास गर्छ र प्रस्टवक्ताहरूसित सम्बन्धविच्छेद गर्छ। प्रस्टवक्ताहरूले ठाडै आलोचना गर्छन्। कपटहरूले मुखेज्जी मीठो बोल्छन्, राम्रो व्यवहार गर्छन् र पछाडिबाट सिध्याइदिन्छन्। यति पनि बुझ्दैन मान्छे! कति लाटो है! मान्छे कसरी चिन्ने ? यो बडा गम्भीर प्रश्न हो। आजसम्मका तमाम मानवीय दुर्घटना यही प्रश्नजन्य उत्तरको अस्पष्टतामा घटित भएका छन्। चिनेजस्तो लाग्छ तर वास्तवमा चिनिएको हुँदैन। सज्जन ठानेर सम्मान गरेको मान्छे दुष्ट भएर निस्कन्छ। सम्मुखमा मायालु रूपमा पेश भएको मान्छे परोक्षमा विषालु प्रयत्नमा संलग्न भएका उदाहरणहरूले इतिहासको एउटा पाटो कलंकित छ। संकटकालमा सहयोगको याचना गरेर रोएको मान्छे, कहिल्यै गुन बिर्सन्न भनेर छाती छोएको मान्छे सुविधाकालमा आक्रमण गर्न आउँछ। विद्यालयमा देशप्रेमको पाठ पढाइएका विद्यार्थीहरूलाई यो देशमा बस्नै मन छैन। खाली विदेशतिरै तानिन्छन्। त्यता गइसकेपछि यता फर्कन इच्छै हुँदैन। ए सरहरू ! तपाईँले तिनलाई के पढाउनु भयो ? कहाँ खुस्क्यो तपाईँको गुरुत्व ? कि तपाईँले मन लगाएर पढाउनु भएन कि तिनले मन लगाएर पढेनन्। तपाईँले जागीर मात्रै पचाउने गरी पढाउनु भो तिनले परीक्षा मात्रै पास हुने गरी पढे। कुरो के थियो मनमा घुस्नै भ्याएन। दोष तपाईँको होइन भने कसको हो ? शिक्षकहरू बोल्नुपर्छ।

पुराना पण्डितले माछा खान हुँदैन भन्थे र पुस्तकको माछा खाँदैनथे। नयाँ पण्डितले माछा खान हुन्छ भनेका छन् र पुस्तकका माछा समेत् खाइदिएका छन्। कहाँ कहाँ के के पढेर आएछन् कुन्नि निरक्षर आमालाई व्याकरण सोधिरहेका छन्। भन आमा कर्ता, कर्म र क्रिया भनेको के हो ? मातृवात्सल्यले हृदय भरेर भाषारस खन्याउने आमा छोराको प्रश्न नबुझेर वाल्ल पर्छिन्। हेरिरहेको छु मैले यो दृश्य अचम्म मानेर। विवेकको बीउ डढेको कुन मरुभूमिमा गएर सिकेछन् कुन्नि यो दम्भको व्याकरण। आमालाई होच्याएर गिज्याएर आनन्द लिने मातृपीडक आदत ! टुप्पीमा समातेर झक्झक्याऊँ कि क्या हो– ए पण्डित ! तिमीलाई आमाले सिकाएको भाषामा व्याकरण थिएन ? पाकशास्त्रमा पीएचडी गरेकाले भन्दा आमाले पकाएका परिकार मीठा हुन्छन् किनकि त्यहाँ उनको वात्सल्यको स्वाद पनि मिसिएको हुन्छ। यति पनि बुझेन तिम्रो विद्वताले। कठै !

मलाई गर्भधारण गर्दा आमाले कुनै व्याकरण जान्नु परेन। जन्म दिँदा व्याकरण चाहिएन। व्याकरण नजानीकनै दूध चुसाइन्। कपडा लगाइदिइन्। नुहाइदिइन्। मलाई हुर्काइन्। तिम्रो छोक्रा व्याकरण भन्दा मेरी आमाको अन्तरबाट बालकलाई रमाइलो पार्न आएका बालगीतको व्याकरण कति मीठो कति मीठो !

साभार : गण्डकी संङ्गम

# कला संस्कृतिको प्रवर्द्धनार्थ पञ्चेबाजा वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ साउन

जिल्लाको भानु नगरपालिका कार्यालयलले कला, संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले पञ्चे बाजा वितरण गरेको छ । नगरपालिकाको सामाजिक विकास शाखाबाट आठ थान पञ्चेबाजा खरिद गरी माग भई आएका समूहलाई वितरण गरेको हो।

समुदायमा रहेका मौलिक कला, संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाले पञ्चेबाजा प्रदान गरेको उपप्रमुख उमा गोतामेले जानकारी दिनुभयो। उहाँका अनुसार भानु-३ स्थित दोरदोर कालिका समूह, भानु-६ को भगवती आमा समूह, भानु-८ को बेनी बगर दलित महिला समूह, भानु-१० का ऋषि परियार समूह र भानु-१२ घलेछाप समूहलाई एक/एक थान पञ्चेबाजा प्रदान गरिएको हो। पालिकाले यसअघि पनि तीन समूहलाई पञ्चेबाजा हस्तान्तरण गरिसकेको उपप्रमुख गोतामेले बताउनुभयो।। उहाँले भन्नुभयो, "पालिका मातहत रहेका १३ वडामध्ये बाँकी पाँचमा पनि क्रमिकरुपमपञ्चेबाजा वितरण गर्दै जाने छौँ।" अपाङ्गता भएका ५० जनालाई ह्विलचियर, ज्येष्ठ नागरिकका लागि लौरो र हर्लिक्स प्रदान गर्नका लागि आवश्यक सामान खरीद गरिएको उहाँले बताउनुभयो।

त्यस्तै, नगरपालिकाभित्र रहेका २६ आरन व्यवसायीलाई आरन पङ्खा वितरण गरिएको नगरपालिकाले जनाएको छ। "आरन सञ्चालनका लागि बाख्राको छाला प्रयोग गरिने भएपनि पछिल्ला समय उक्त छाला पाउन कठिनाइ छ", नगरप्रमुख आनन्दराज त्रिपाठीले भन्नुभयो, "छालाको अभावमा पेसा नै विस्थापित हुने अवस्थामा पुगेपछि पङ्खा प्रदान गरेका हौँ।"

वार्षौँदेखि परम्परागत शैलीबाट व्यवसाय गर्दै आएका व्यक्तिलाई आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्न सहज वातावरण बनाउने उद्देश्यले पङ्खा वितरण गरिएको उहाँले बताउनुभयो । आरन राख्नका लागि जस्तापातासमेत माग गरेकाले दुई पाताका दरले उनीहरूलाई जस्तापाता उपलब्ध गराइएको नगरप्रमुख त्रिपाठीले जानकारी दिनुभयो।

# पहिराले मुहान र पाइप बगायो, खानेपानीको समस्या

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ साउन

निरन्तर वर्षाका कारण खसेको पहिराले खानेपानी मुहान र पाइप बगाउँदा बागलुङको गलकोट नगरपालिका-११ रिघाको सिङ्गो गाउँमा पानीको समस्या भएको छ।

रिगा खानेपानी आयोजनाको मुहान माथिदेखि झरेको पहिराले २५ मिटर पाइप लाइनसहित मुहानलाई क्षतविक्षत बनाएको गलकोट नगरपालिका-११ का वडाध्यक्ष डम्मबहादुर श्रीसले जानकारी दिनुभयो। खानेपानीको समस्या समाधान गर्न विसं २०६८ मा रिघा गाउँदेखि १८ किलोमिटर टाढा गलकोट नगरपालिका-१० पाण्डवखानीस्थित मूलबाट पानी ल्याइएको उहाँको भनाइ थियो। चार दिनदेखि धारामा पानी नआउँदा छ सय घरका तीन हजार बढी नागरिकले खानेपानीको समस्या भोग्नुपरेको छ।

"चार दिनभन्दा बढी भयो गाउँमा पानी आएको छैन, पानी नआउँदा स्थानीयवासीले समस्या भोग्नुपरेको छ, पहिराले २५ मिटर जिआइ पाइप बगाएको छ", मुहानमा पनि ठूलो क्षति पुऱ्याएको छ", वडाध्यक्ष श्रीसले भन्नुभयो, "गाउँलेलाई तत्कालका लागि खानेपानी समस्या समाधान गर्ने प्रयास गरेका छौँ, निरन्तर वर्षा भइरहेको हुँदा अहिलेसम्म पानी ल्याउन सकिएको छैन, अहिले अस्थायीरूपमा भए पनि पानी ल्याउने प्रयास भएको छ, बर्खा सकिए पछि दीर्घकालीनरूपमा समाधान गर्ने गरि काम गर्नुपर्छ ।" रिघा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष ताराबहादुर पुनले चार दिनदेखि पानी नआउँदा सरसफाइ र घरायसी काम गर्न समस्या भएको बताउनुभयो । पहिराले पाइप र मुहान बगाउँदा रिघा गाउँमा १२ वर्ष अगाडिको अवस्था आएको उहाँको भनाइ थियो। अहिले आकाशे पानीको भरमा स्थानीयवासीले गर्जो टार्ने गरेका छन् । अध्यक्ष पुनले भन्नुभयो, "गाउँमा पानीको दुःख भयो भनेर धेरै मेहनत गरी टाढाबाट पानी ल्यायौँ, पानी आएपछि गाउँलेले सुखको श्वास फेरेका थिए, अहिले फेरि समस्या आयो, अहिले कोहीले बासी पानी खान्छन्, कोहीले आकाशको पानी खान्छन्, बर्खामा धारा सुख्खा छन्, पुरानो मुलको पानी ल्याउने कोसिस पनि गरिरहेका छौँ।"

# मिटरब्याजसम्बन्धी ८१ मुद्दाको टुंगो

**रासस**
काठमाडौं, १२ साउन

यहाँ निवेदन परेका मिटरब्याजसम्बन्धी ८१ वटाको निवेदन टुङ्गो लगाइएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सप्तरीमा केही दिनयता दैनिकरूपमा छलफल चलाइरहेको अवस्थामा ८१ निवेदन फर्छ्योट भएको जनाएको छ। सप्तरी जिल्लामा मिटरब्याजसम्बन्धी एक हजार पाँच सय ७९ निवेदन परेको छ। निवेदन उपर जिल्ला प्रशासन कार्यालयमा दैनिक छलफल भइरहेको प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अहिले दुई ठाउँमा राखेर छलफल भइरहेको छ, छिटोभन्दा छिटो मुद्दा टुङ्ग्याउँ भन्ने हाम्रो चाहना छ ।" उहाँका अनुसार मिटरब्याज पीडितले दिएको निवेदनका आधारमा पीडित र पीडकलाई बोलाएर छलफल गर्ने गरिएको छ। पीडित र पीडकको तर्फबाट एक/एक, जिल्ला प्रशासन कार्यालयका एक जना र जिल्ला प्रहरी कार्यालयका एक जना राखेर छलफल चलाइएको प्रजिअ थापाले जानकारी दिनुभयो। आवश्यक पर्दा मालपोत, नापीका कर्मचारीलाई पनि छलफलमा सहभागी गराइने गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म आठ सय तीन पटक छलफल भइसकेको छ। उहाँले निवेदन परेका मिटरब्याजसम्बन्धी मध्ये ८१ वटा निवेदन फर्छ्योट हुँदा रु चार करोड ७६ लाख पीडितले साहुलाई तिराएको छ। रु दुई करोड ८८ लाख ४४ हजारको तमसुक च्यातिएको छ भने १२ बिघा १२ कठ्ठा १६ धुर जग्गा पीडितलाई फिर्ता भएको प्रजिअ थापाले जानकारी दिनुभयो।

# लमजुङमा दुई सय ९१ घरेलु उद्योग दर्ता

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ साउन

जिल्लामा आर्थिक वर्ष २०७९/८० मा दुई सय ९१ घरेलु उद्योग दर्ता भएका छन्। एक वर्षको अवधिमा पर्यटन तथा साना उद्योग कार्यालय लमजुङमा दुई सय ९१ नयाँ उद्योग दर्ता भएका हुन्।

यस अवधिमा तीन सय ९८ घरेलु उद्योगको नवीकरण भएको कार्यालय प्रमुख मीताकुमारी थापाले बताउनुभयो। उहाँका अनुसार सोही अवधिमा वाणिज्यतर्फ दुई सय आठ नयाँ दर्ता भएका छन् भने पाँच सय १८ को नवीकरण भएको छ। आव २०७८/७९ मा छ सय ८५ घरेलु उद्योग दर्ता भएका थिए। कार्यालय प्रमुख थापाका अनुसार सो अवधिमा दुई सय ८२ घरेलु उद्योगको नवीकरण भएका थिए। वाणिज्यतर्फ चार सय आठ नयाँ दर्ता भएका थिए भने तीन सय ७१ नवीकरण भएका उक्त कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार आव २०७७/७८ मा नौ सय ७०, आव २०७६/७७ मा छ सय ६९, आव २०७५/७६ मा चार सय ६८ आव र २०७४/७५ मा दुई सय ६७ नयाँ उद्योग दर्ता भएका कार्यालयले जनाएको छ। बेँसीसहर बजार, सुन्दरबजार, भोटेओडार, सोती पसल भोर्लेटारलगायत स्थानमा उद्योग/व्यवसाय तथा पसल गर्नेको सङ्ख्या बढिरहेकाले नयाँ उद्योग दर्ता पनि बढेको कार्यालय प्रमुख थापाले बताउनुभयो।

उहाँका अनुसार दर्ता भएकामध्ये अधिकांश कृषि फर्म, सिलाइकटाइ, अलैँची, ब्युटिपार्लर, कृषि औजार, मौरीपालन, बङ्गुर फर्म, दालमोठ उद्योग, पर्यटन उद्योगलगायत छन्। जिल्लामा हालसम्म पाँच हजार छ सय ६२ घरेलु उद्योग दर्ता भएको छ भने पाँच हजार तीन सय ४५ वाणिज्य दर्ता भएको उक्त कार्यालयले जनाएको छ।

# पर्वतमा गत वर्ष सात झोलुङ्गे पुल बने

**पोखरापत्र संवाददाता**
पर्वत, १२ साउन

पर्वतमा गत आर्थिक वर्ष २०७९/८० मा सातवटा झोलुङ्गे पुल निर्माण गरिएको छ।

जिल्लाका विभिन्न खोला, खहरे र खोल्सामा सहजरूपले वारपार गराउन मोदी गाउँपालिका, जलजला गाउँपालिका, बिहादी गाउँपालिका, महाशिला गाउँपालिका र फलेवास नगरपालिकामा गरी सातवटा पुल निर्माण गरिएको हो। झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमअन्तर्गत विसं २०५४ देखि पर्वत जिल्लामा एक सय २० मिटरसम्मका झोलुङ्गे पुल निर्माणमा सामाजिक तथा प्राविधिक परिचालन गर्दै आइरहेको खुर्कोट युवा क्लब र इन्ट्रेड नेपालको सहयोगमा उक्त पुल निर्माण भएका हुन्। तीमध्ये पाँच वटा स्टिल ट्रस र दुई वटा सस्पेन्डेड झोलुङ्गे पुल रहेका छन्। जलजला गाउँपालिका-१ बाँसखर्कमा सिस्नेरी खोला झोलुङ्गे पुल, वडा नं ६ शालिजामा सालिमेडिल तारे स्टिल ट्रस पुल, बिहादी गाउँपालिका-१ बाच्छामा बाच्छाखोला स्टिल ट्रस, मोदी गाउँपालिका-१ मा लप्सीबोट दमाहा स्टिल ट्रस, फलेवास नगरपालिका-१० कुर्घामा चिर्दिखोला सातमुले झोलुङ्गे पुल, फलेवास नगरपालिका-३ शङ्कर पोखरीमा बलौर चौतारा स्टिल ट्रस र महाशिला गाउँपालिका-५ मा माझघर आहालेमा स्टिल ट्रस निर्माण गरिएको झोलुङ्गे पुल बनाएको कार्यक्रमका व्यवस्थापक कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो। सातवटा पुल रु दुई करोड ३७ लाख तीन हजार नौ सय चारको लागतमा निर्माण भएका थिए। ती पुलका लागि सम्बन्धित गाउँपालिकाको १३ प्रतिशत, झोलुङ्गे पुल कार्यक्रमको ८५ प्रतिशत र उपभोक्ता समितिको श्रमदान दुई प्रतिशत रहेको संयोजक शर्माले जानकारी दिनुभयो। सात वटा पुलमध्ये चार वटामा खुर्कोट युवा क्लब र तीन वटा इन्ट्रेड नेपालका प्राविधिक सहयोगमा सम्पन्न भएका थिए। पुल निर्माणसँगै नदी तथा खोला तर्दा हुने जोखिम कम भएको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | शारीरिक झमेला | तुला | मन चञ्चल |
| वृष | व्यापारमा लाभ | वृश्चिक | सहयोग मिल्नेछ |
| मिथुन | अप्रत्यसित लाभ | धनु | सत्कार मिल्नेछ |
| कर्कट | शत्रुको भय | मकर | सम्मान मिल्नेछ |
| सिंह | झमेला बढ्ने | कुम्भ | आर्थिक समस्या |
| कन्या | कार्यमा सफलता | मीन | मानसिक तनाव |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# मर्स्याङ्‌दीको त्रासले रातभरी जागा बस्छन् एक्लेफाँटवासी

**पूर्ण विके**
तनहुँ, १२ साउन (रासस)

आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटकी ४६ वर्षीया चिजा गुरुङ प्रायः दिनमै सुत्ने र रातमा जागा बस्दै आउनुभएको छ । स्थानीय मर्स्याङ्दी जलविद्युत् आयोजनाको बाँधको पानीको सतह बढ्दा केही वर्ष पहिले ससुरा ७२ वर्षीय मनिराज गुरुङको बगाएर मृत्यु भएपछि त्रासले आफू राति सुत्नै नसकेको चिजाले बताउनुभयो ।

"पानी परेका बेला मर्स्याङ्दीको भेल बढेर घर भित्रै पसौँला झैँ गर्छ", उहाँले भन्नुभयो, "त्यसैको डरले गर्दा राति सुत्नै सकिँदैन । दिनमा सुत्ने र राति जागा बस्नु हाम्रो दैनिकी जस्तै बनेको छ ।" केही वर्ष पहिले घर पछाडि करिब ५० हात जति पर मात्र मर्स्याङ्दीको पानीको सतह भए पनि २०७८ सालमा आएको बाढीले आफूसहित स्थानीय १४ घर बगाएर लैजाने अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो । मर्स्याङ्दीको बाँधको सतह बढ्दा स्थानीय बद्री घिमिरे, मिलन गुरुङ, दलबहादुर माकिम मगर, तारा राना, उद्धव पौडेल, विष्णु पराजुली र सुन्दर बानियाँ लगायतको घर बगाउने जोखिममा रहेको छ । पानी परेपछि आफूसहित स्थानीयहरू घर अघि पृथ्वीराजमार्ग किनारामा रहेको चौतारामा बसेर रात काट्ने गरेको स्थानीय ५८ वर्षीय मिलन गुरुङले बताउनुभयो । आफूहरूले मुआब्जाको लागि मर्स्याङ्दी जलविद्युत् आयोजनालाई पटकपटक भने पनि कुनै वास्ता नगरिँदा आफूहरू जोखिममा रहेको मिलनको भनाइ छ ।

"मर्स्याङ्दीको बाँधले बस्ती नै डुबाउला जस्तो भइसक्यो", मिलनले भन्नुभयो, "मुअब्जाका लागि पटकपटक पहल गरे पनि कसैले वास्ता नगर्दा कुनबेला मर्स्याङ्दीमा परिन्छौँ भन्ने चिन्तामा छौँ ।" घर पछाडि मर्स्याङ्दीको बाँधबाट बचाउन जालीमा ढुङ्गा भरेर लगाइए पनि त्यो संरचना कमजोर हुँदा पानी ठेलिएर घर बगाउने अवस्थामा पुगेको मिलनले बताउनुभयो । आफूहरूले मर्स्याङ्दी जलविद्युत् परियोजनाका कर्मचारीलाई सिमेन्टको बलियो पर्खाल बनाउन भने पनि बेवास्ता गरिएको उहाँको भनाइ छ । "मर्स्याङ्दीको बाँधबाट बस्ती बचाउन सिमेन्टको बलियो पर्खाल लगाउन भनेका थियौँ", मिलनले भन्नुभयो, "तर हाम्रो मागलाई वास्तै नगरी सतहमाथिबाट तारजालीमा ढुङ्गा भरेर झारा टार्ने काम गरी छाडिएको छ ।" आफूले करिब साढे तीन करोड रुपैयाँ लगानी गरी पार्कसहित करिब साढे दुई रोपनी क्षेत्रफलमा धौलागिरि हाइवे रेष्टुरेन्ट सञ्चालन गरे पनि मर्स्याङ्दीको बाँधको बहाव बढेर खोतल्दै गएपछि रेष्टुरेन्ट नै बन्द गरी अन्यत्र विस्थापित हुनु परेको स्थानीय सुन्दर बानियाँले बताउनुभयो ।

पृथ्वी राजमार्गका यात्रुलाई लक्षित गरी रेष्टुरेन्ट सञ्चालन गरेको थिएँ", बानियाँले भन्नुभयो, "तर अहिले मर्स्याङ्दीको बहाब बढेर लैजाने अवस्थामा पुगेपछि बन्द गर्नु परेको छ । कुन बेला बगाएर लैजाने हो भन्ने चिन्ताले सताएको छ ।" मर्स्याङ्दीको बाँधले सार्वजनिक र व्यक्तिको गरी सयौँ रोपनी क्षेत्रफल बगाएर बस्ती नै जोखिममा परेकाले उचित मुआब्जा वितरण छिटो गरी बस्ती खाली गरिनुपर्ने आफूहरूको माग भएपछि ढिलासुस्ती गरिएको बानियाँले बताउनुभयो । आफूहरूले छिटो मुआब्जा पाउनुपर्ने भन्दै प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले साथ दिँदै आउनुभएकोसमेत बानियाँले जानकारी दिनुभयो ।

पालिकाको विपद् र जिल्ला विपद् समितिलेसमेत उक्त क्षेत्रको १४ घर र १० रोपनी व्यक्तिगत जग्गासमेत अधिग्रहण गर्नुपर्ने निष्कर्ष निकालेर सम्बन्धित मन्त्रालयमा करिब डेढ वर्ष अघि नै सिफारिस गरिए पनि मुआब्जा वितरण ढिला हुँदा स्थानीय मर्स्याङ्दीको त्रासमा बस्न बाध्य हुनु परेको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो ।

"हामी उहाँहरूले छिटो मुआब्जा पाउनुपर्छ भनेर लागि रहेका छौँ", आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष चुमानले भन्नुभयो, "मुआब्जा ढिला दिँदा थप क्षति हुनसक्ने खतरा छ । पटकपटक ताकेता लगाउँदा पनि प्रक्रिया ढिलो हुनु दुःखद् कुरा हो ।" आफूहरूले सम्पूर्ण प्रक्रिया पूरा गरी उक्त क्षेत्रको घरसहितका जग्गा अधिग्रहण गर्नुपर्ने ठहर गर्दै केन्द्रमा परिपत्र गरे पनि प्रक्रिया ढिला हुँदा स्थानीयमा बाढीको त्रास कायमै रहेको निमित्त प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले बताउनुभयो । "अधिग्रहण गरिएका घर र जग्गाको मुआब्जा पाउन नसक्दा स्थानीय अन्यत्र जान सकेका छैनन्", उहाँले भन्नुभयो, "वर्षायामको समयमा थप क्षति हुनसक्ने अवस्था भएकाले तत्कालै मुआब्जा वितरण गर्नेतर्फ केन्द्रमा ताकेता गरे पनि प्रक्रिया ढिलो भएका छ ।"

# दुधजन्य उत्पादनमा नियमनकारीको निगरानी

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ साउन

बागलुङ बजारमा बिक्री वितरण भइरहेको दुग्धजन्य पदार्थको गुणस्तरका विषयमा उपभोक्ताको गुनासो आएपछि नियमनकारी निकायले निगरानी बढाएका छन् ।

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा बागलुङ नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय उपभोक्ता मञ्चलगायतका नियमनकारी निकाय सक्रिय भएका हुन् ।

बिहीबार बिहानै उपभोक्ताले दूध खरिद गर्नुपूर्व अनुगमन टोली दुग्ध उद्योग तथा बिक्री केन्द्रमा पुगेको थियो । दूधबाट बनेका पनिर, बटर, छुर्पी, घिउ र खुला तथा प्याकिङ गरिएको दूधको विषयमा जानकारी लिन अनुगमन गरिएको थियो ।

सदरमुकाममा अधिकांश डेरी पसल रहेको र उद्योग कम रहेकाले मुकाम बाहिरबाट दूध ल्याएर बिक्री हुने गरेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । "उपभोक्ताले मध्यराति फोन गरेर दुग्धजन्य पदार्थको विषयमा गुनासो गर्नुभयो, हामी तत्काल एक्सनमा गयौँ", उहाँले भन्नुभयो "परीक्षणबाट नतिजा आउन बाँकी छ ।" सदरमुकामका एक उद्योग र तीन बिक्री केन्द्रको अनुगमन गरेको टोलीले दुई ठाउँमा मात्रै दूध तथा दुग्धजन्य पदार्थ फेला पारेको थियो ।

"गुणस्तर पत्ता लगाउन नमूना लिएका छौँ", खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख सौरभ श्रेष्ठले भन्नुभयो, "नमूना पोखरा पठाइएको छ, नतिजा आएपछि आवश्यक कारबाही हुन्छ ।"

# ४६ व्यवसायीको बैंक खाता रोक्का

**पोखरापत्र संवाददाता**
तनहु, १२ साउन

तनहुँको दमौलीस्थित आन्तरिक राजस्व कार्यालयले आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कतर्फको कर नबुझाएका ५६ उद्योगी व्यवसायीको बैंक खाता रोक्का गरेको छ । तनहुँ, लमजुङ र गोरखाका उद्योगी व्यवसायीको बैंक खाता रोक्का गरेको हो ।

तनहुँका २७, लमजुङका १३ र गोरखाका ६ व्यवसायीको खाता रोक्का गरिएको कार्यालयका सुब्बा रामकाजी गुरुङले जानकारी दिनुभयो । "अधिकांश उद्योगी व्यवसायी कार्यालयको सम्पर्कमा आएका छैनन् । कतिपयले भ्याटको अद्यावधिकसमेत नगरेको पाइएको छ", उहाँले भन्नुभयो । कार्यालयले २०८० वैशाख ५ गते पहिलोपटक सूचना प्रकाशित गरी १५ दिनभित्र बक्यौता रकम दाखिला गर्न अनुरोध गरेको कार्यालयका निमित्त प्रमुख लोकेन्द्र राईले जानकारी दिनुभयो । व्यवसायीको आम्दानी स्रोतको खोजी गरी त्यहीबाट कट्टा गराई बक्यौता रकम दाखिला गराउने अभियान थाल्ने उहाँले बताउनुभयो । उक्त कार्यबाट पनि दाखिला गराउन नसके निजको चलअचल सम्पत्तिसमेत रोक्का गरी दाखिला गराउन सकिने व्यवस्था छ ।

तनहुँमा ७२ हजार चार सय ४७ करदाता रहेका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा आव २०७९/८० मा करिब १० प्रतिशत करदाता वृद्धि भएको आन्तरिक राजस्व कार्यालयका सूचना अधिकारी टीकाराम पौडेलले जानकारी दिनुभयो । पछिल्लो समय नागरिकमा प्यान नम्बर लिएर मात्रै कारोबार गर्नुपर्छ भन्ने चेतनाको वृद्धि हुँदै गएको छ । प्यान नम्बर लिनेमा कर्मचारीतर्फ ४४ हजार दुई सय ८४ र व्यापारीतर्फ २३ हजार चार सय ३७ जना रहेका छन् ।

# हिमाली हिरा यार्सा बेचेर करोडौँ आम्दानी

**रासस**
काठमाडौं, १२ साउन

गरिबको हिरा भनेर चिनिने हिमाली जिल्लामा पाइने बहुमुल्य बुटी यार्सागुम्बा बेचेर यहाँका स्थानीयले जीविकोपार्जन गरिरहेका छन् । जिल्लाका सोरु, मुगुम कार्मारोङ्ग गाउँपालिकाका साथै छायाँनाथ रारा नगरपालिकाका स्थानीयले यार्सागुम्बा बेचेर गाउँमा करोडौँ रकम भित्र्याएका हुन् ।



देशभर आर्थिक मन्दी भइरहँदा मुगालहरूले भने गाउँमा करोडौँ रकम भित्र्याइ रहेका छन् । गत जेठ ५ गते मुगुका दुई दर्जनभन्दा बढी पाटनमा यार्सा सङ्कलनका लागि मुगुम कार्मारोङ्ग गाउँपालिकाले प्रवेश अनुमति खुल्ला गरेको थियो ।

यस वर्ष पाटन तथा हिमालमा यार्सा टिप्न जिल्लाका स्थानीयका साथै दैलेख, जाजरकोट, जुम्ला, डोल्पा, कालीकोट, हुम्ला, मनाङ, मुस्ताङ, बाजुराबाट पनि सङ्कलकहरू आएको यार्सा सङ्कलन छोर्तेन लामाले बताउनुभयो । उहाँका अनुसार वर्षाको समय भएकाले पानी र हिउँका कारण यार्सा पाइएको थिएन् । असार ५ गतेपछि मौसममा सुधार आएकाले पर्याप्त यार्सा पाइएको उहाँको भनाइ थियो । छायाँनाथ रारा नगरपालिका-१२ लुम्सका कम्वर ऐडीले यार्सा टिप्न पाटन गएका भाइबुहारीले मात्र २५ दिनमा यार्सा बेचेर रू साढे चार लाख आम्दानी गरेका बताउनुभयो । गाउँभरिका यार्सा टिप्न जाने प्रत्येकले रू दुई लाखबढी आम्दानी गरेका भन्दै यस वर्ष लुम्स गाउँमा मात्रै रू ३० देखि ५० लाखसम्म रकम भित्रिएको उहाँले अनुमान गर्नुभयो । वडा नं १२ शोभा गाउँका स्थानीय गणेशबहादुर सावतका अनुसार यार्सा बेचेर गाउँमा रू एक करोडभन्दा बढी आम्दानी भएको छ । उहाँका अनुसार मुगालीहरू वर्षभरि खान र वार्षिक आवश्यकताका लागि खर्चको जोहो एक महिना यार्सा टिपेर बेचेको पैसाबाट गर्दै आएका छन् । व्यापार, खेतीपाती र नोकरीभन्दा महिनादिनभित्र यार्सा टिपेर बढी आम्दानी हुने भएकाले यस मौसममा यहाँका स्थानीय अन्य काम छोडेर यार्सा टिप्न पाटनहरूमा पुग्ने गर्दछन् । यार्सा व्यापारी पाटनमै पुगेर यार्सा सङ्कलकसँग यार्सा खरिद गर्ने भएकाले यार्सा बिक्री गर्न सङ्कलकलाई बजारको समस्या हुँदैन । पाटनमै टिप्ने उतै बेच्ने पैसामात्र घर ल्याउने गर्दछन् ।

पाटनमा यार्सा व्यापारीले खाल्वा (ठूलो, राम्रो) यार्सालाई प्रतिबुटी रू आठ सय र मध्यमलाई प्रतिबुटी रू चार सय ५० सम्म दिएका सावतले बताउनुभयो । उहाँका अनुसार खाल्वा यार्सा एक केजी पुग्न तीन हजार दुई सय बुटी र मध्यम यार्सा एक केजी पुग्न चार हजारदेखि ४२ सय बुटी आवश्यक पर्दछ ।

यार्सा बेचेर मुगुम कार्मारोङ्ग गाउँपालिकाका सबै बस्ती तथा छायाँनाथ रारा नगरपालिकाका केही बस्तीमा सबैभन्दा बढी रकम भित्रिएको यार्सा सङ्कलक बताउँछन् । त्यस्तै, मह गाउँमा मात्रै रू चार करोडभन्दा बढी रकम भित्रिएको स्थानीय बताउँछन् । माग्री, पाँपु, छाइल, चिमात, दाउरा, सेरोग, कार्ति, किम्री, डोल्फु, पुअ, मुगु, ताखा, खारी गाउँमा रू५० लाखदेखि एक करोडसम्म रकम भित्रिएको मुगु गाउँका स्थानीय छोर्तेन लामाले जानकारी दिनुभयो । उहाँका अनुसार मुगु गाउँमा मात्रै रू तीन करोडभन्दा बढी रकम भित्रिएको छ । नगरपालिका भित्रका तल्लेख, झाकोट, बालचौर, रोवा, सोभा, लुम्स, घटटलेख, जिउला, च्याङ्गच्याकाटी, थार्प, लुम, बाम, तिर्प, लह, लापुँ गाउँका स्थानीय पनि यार्सा बेचेर मनग्य आम्दानी गरेका छन् । मुगुम कार्मारोङ्गस्थित पुअ गाउँका छेवाङ्ग लामाका छोराबुहारीसहित चार जनाले यार्सा बेचेर रू २१ लाख कमाएका छन् । यो सिजनमा रू एक करोडभन्दा बढी रकम यार्सा बेचेर गाउँमा भित्र्याएको उहाँले जानकारी दिनुभयो । किम्री गाउँका कार्मा सेराप लामा भन्नुभयो, "भगवान्ले हाम्रा लागी हिमालमा यार्सा होइन हिरा उमारी दिएका हुन् । यार्सा नभइदिएको भए घर खर्च चलाउने, बालबच्चाको पढाइलगायत अन्य खर्चको जोहो गर्न गाह्रो हुन्थ्यो । यहाँ काम तथा रोजगारी पाउन गाह्रो छ । खेतीपाती राम्रो उब्जनी छैन, वर्षेभरि एक बाली उब्जन्छ, आफूजस्ता गरिबका लागि यार्सागुम्बा बरदान साबित भएको छ ।" प्रत्येक वर्ष परिवारका चारसदस्य यार्सा टिप्न पाटन जाने र रू छ/सात लाखसम्म आम्दानी हुने गरेको उहाँले बताउनुभयो । कोरोनाकालमा दुई वर्ष यार्सा टिप्न`च्न नपाउँदा जीविकोपार्जन गर्न निकै कष्ट भएको तीतो व्यथा उहाँले सुनाउनुभयो । "हिमालको हिरा टिप्न सोचेजस्तो सजिलो कहाँ छ र?", मह गाउँका राप्के तामाङले भन्नुभयो, "हिउँ/पानीसँग खेल्नुपर्ने, चिसोबाट बेचेर भोक, प्यासको पर्वाह नगरी अग्लाअग्ला हिमाल र पाटनहरूमा यार्सा खोज्दै चहार्नुपर्ने हुन्छ । पाटनमा बिरामी भए मर्नुबाहेक विकल्प रहँदैन । यति सहेर यार्सा पाए पनि कहाँ सुख छ र पाटनमा यार्सा लुटेराहरू बन्दुकसहित पुगेका हुन्छन् तिनीहरूबाट बेचेर यार्सा बिक्री गर्नु र पैसा बोकेर सुरक्षित साथ घर पुग्नु भनेको एउटा ठूलै युद्ध जिते जस्तै हो ।"

मुगुका माजिङ्ग थान, ठूलो कोइकी, सानो कोइकी, छापाखोला, टाँके, रिमाड, हङ्गदङ्ग खोला, च्यार्कुलेख, छुमुरु, छुङ्गडुङ्ग, भावर खोला, असी पाटन, नयाँ वन, टाङ्गवाक, झोवा लेख, वाङ्गरी रमाना, धोवार खोला, च्याङ्गजी लगाएर दुई दर्जनभन्दा बढी पाटनहरूमा यार्सागुम्बा पाइन्छ ।

प्रत्येक वर्ष यार्सा टिप्न जाँदा हिउँ पहिरामा परेर, लेक लागेर र अन्य बिमारी भएर, लुटेरा सङ्कलकबीच झडप हुँदा ज्यानसम्म गुमाउनुपर्ने अवस्था आउने तामाङले बताउनुभयो । यस वर्ष मात्रै पाटनमा हिउँपहिरा परेर, नदीमा खसेर र बिरामी परेर पाँचजनाको मृत्यु भएको गाउँपालिकाले जनाएको छ ।

यार्सा टिप्न पाटन जानेसँगबाट प्रवेश शुल्कबापत गाउँपालिकाले रू ४५ लाखसम्म राजस्व उठ्ने गरेको मुगुम कार्मारोङ्ग गाउँपालिकाका अध्यक्ष छिरिङ्ग क्याप्ने लामाले बताउनुभयो । बर्सेनि पाटनहरूमा कोही न कोही यार्सा सङ्कलनको मृत्यु हुने गरेकाले यस वर्षदेखि मृतकका परिवारका भरणपोषणमा सहयोग गर्ने उद्देश्यले पालिकाले प्रवेशबापत उठ्ने शुल्कबाट यार्सा सङ्कलकको रू पाँच लाख बराबरको 'यार्सा दुर्घटना बीमा' गरिदिएको उहाँले जानकारी दिनुभयो ।

# अझै निर्माण सम्पन्न भएन गोरखामा 'सिटीहल'

**पोखरापत्र संवाददाता**
गोरखा, १२ साउन

गोरखा सदरमुकामस्थित गोरखा नगरपालिका-७ नयाँबजारमा निर्माणाधीन सिटीहलको काम झन्डै सात वर्ष बितिसक्दासमेत अझै अपूरो छ ।

निर्माण कम्पनीले विसं २०७४ माघमा तीन वर्षभित्रमा सम्पन्न गर्ने ठेक्का सम्झौता गरेको सिटीहल निर्माणको काम अहिलेसम्म ६० प्रतिशतमात्र सम्पन्न भएको सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख सुरज पौडेलले बताउनुभयो ।

ठेक्का सम्झौताको चौथोपटक थपिएको म्यादसमेत सकिनै लागेको छ । यसका लागि कार्यालयले कम्पनीसँग रु ३० करोड ८० लाख ९० हजार नौ सय ३२ मा काम सक्ने गरी ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार कम्पनीले २०७७ माघ १० गतेभित्र कम्पनी काम सम्पन्न गर्नुपर्ने थियो ।

"बेसमेन्ट, फाउन्डेसन निर्माणमा भिरालो जमिनका कारण कठिनाइ भएकाले तोकेको भन्दा बढी समय लागेको र काममा ढिलाइ भएको भएको हो", उहाँले भन्नुभयो, "कोरोना सङ्क्रमण र त्यसपछि आर्थिक मन्दीसँगै सभाहलमा ट्रष्टको डिजाइन सुरुभन्दा पछि फरक पर्न जाँदा र डिजाइन परिवर्तन गर्नुपरेकाले ढिलाइ हुनपुगेको हो ।" चौथोपटक थपिएको म्याद सकिन लागेकाले अब अन्तिम पटक म्याद थपका लागि मन्त्रालयमा पठाइएको उहाँले जानकारी दिनुभयो । "यदि म्याद थपिएको एक वर्षभित्रमा पूरा हुनुपर्छ", एकाइ पौडेलले भन्नुभयो, "सबै काम सम्पन्न गर्नका लागि निर्माण कम्पनीले थप एक वर्ष समय मागेको छ ।" गोरखा सदरमुकामको नयाँ बसपार्कमा झन्डै १२ रोपनी जग्गामा सिटीहल निर्माण भइरहेको छ । उक्त सिटीहल सात सय ६२ अट्न सक्ने क्षमताको छ । "बालकुनेमा दुई सय जनाको क्षमता हो भने मुख्य हलमा पाँच सय ६२ जनाको क्षमता भएको हल निर्माण गर्न लागिएको छ", उहाँले भन्नुभयो, "त्यस हलमा मल्टिप्रपोज हल, बालकुने, इलोक्टोनिक रुम, गार्डरुम र शौचालय बनिसकेको छ ।"

अबको एक वर्षभित्रमा सबै निर्माणको काम सम्पन्न गरी सिटीहल गोरखा नगरपालिकालाई हस्तान्तरण गर्ने गरी काम अघि बढाइएको उहाँले जानकारी दिनुभयो । निर्माण कम्पनीलाई पेश्कीस्वरुप झन्डै रु २२ करोड भुक्तानी भइसकेको सङ्घीय आयोजन कार्यान्वयन एकाइ कास्कीले जनाएको छ ।

निर्माण कम्पनीका व्यवस्थापक श्रवणकुमार कुशवाहले सबै काम लगभग अन्तिम चरणमा रहेको र बाँकी 'स्टक्चर'अनुसार काम भइरहेको जानकारी दिनुभयो । 'बेस्टमेन्ट' र 'फाउन्डेसन'का कारण छ-सात महिनासम्म पनि काममा गति दिन नसक्दा निर्माणमा ढिलाइ भएको उहाँको भनाइ छ ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०४/१२

यस कार्यालयबाट मिति २०५२/०९/१२ मा कास्की जिल्ला पोखरा- ०६ कास्कीमा संचालन गर्ने गरी पोखरा-०६ कास्की निवासी विजया आचार्य पहारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २५५८/०५२/०५३ (२६) को होटल ट्यान्क्वीलिटी नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०४/१२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**